# पोखरामा छापाखाना

केशवराज पराजुली

पोखरा अहिले उपमहानगर मानिएको छ । अधिकांश घरहरू पक्की र रङ्गरोगन लगाएका देखिन्छन् । धेरैजसो सडक कालोपत्रे छन् । प्राथमिकदेखि विश्वविद्यालयसम्मका विद्यालय सामान्य र प्राविधिकसमेत छन् । स्वास्थ्योपचारका लागि सार्वजनिक एवं निजी अस्पताल क्लिनिक र नर्सिङ्ग होमहरू बग्रेल्ती उपलब्ध छन् । घरघरमा पानीका धारा र शौचालय छन् । सवारीका साधन सुलभ छन् । आजको यो परिवेशको निरवच्छिन्न गतिशीलताका लागि आवश्यक अनेक अवयवमध्ये सञ्चारका माध्यमहरूको अनन्य भूमिका अपरिहार्य मानिन्छ र सोहीअनुरूप पुरातन माध्यम छापाखानादेखि आधुनिक सूचना-प्रविधिको विद्युतीय साधन इ-मेल, इन्टरनेटसहित एफएम रेडियो र टेलिभिजन जस्ता श्रव्य-दृश्य साधनहरू सुलभ भएका छन् । सूचना-प्रविधिको कल्पनातीत विकास जे जति भए पनि छापा माध्यमको उपयोगिता र महत्त्व ज्यूँ का त्यूँ छ । विकसित सूचना-प्रविधिले छापा माध्यममा पनि क्रान्ति गरेको छ । नयाँ यन्त्र उपकरण र प्रविधि विकास भएका छन् । छपाइको अफसेट प्रविधिले पोखरामा लेटर प्रेस प्रविधिलाई विस्थापन गरिसकेको छ । पुराना छापाखाना सञ्चालकहरूले आफ्ना छापाकल र ढालेका धातुका अक्षरहरू कवाडीमा बेचेर नयाँ अफसेट कल र कम्प्युटर चलाउन थालेका छन् । डेढ दशकको अन्तरालमा छापाखानाको कलेवर पूरै फेरिइसकेको छ । यो समयले ल्याएको विकास हो तापनि यहाँ एकाएक आइपुगिएको भने होइन, यहाँ आइपुग्न एउटा प्रस्थान विन्दु अवश्य छ र त्यसको बोध सञ्चार क्षेत्रका जिज्ञासुलाई हुनु वाञ्छनीय मात्र होइन आवश्यक नै हुन्छ । जिज्ञासुहरूको त्यही जिज्ञासाको समाधान हेतु उपलब्ध तथ्यहरू अगाडिका पङ्क्तिहरूमा प्रस्तुत गर्ने प्रयत्न गरिएको छ ।

*मिडिया अध्ययन* १: ९९-११३, २०६३

छापाखाना छापा तयार गर्ने कारखाना हो । छापा भनेको कुनै पनि कुराको अनुकृति (हुबहु रूप) हो । मानिस चिन्तनशील प्राणी हो । ऊ केही सोच्दछ, विचार गर्दछ र त्यसलाई अरूका सामु लेखेर वा बोलेर व्यक्त गर्दछ । त्यो सोच वा विचारको आधारभूमि देशकाल सापेक्ष हुन्छ तापनि त्यसमा शाश्वत गुणहरू निहित हुन सक्छन् । र तिनको महत्त्व कालान्तरसम्म रहिरहन्छ । त्यस्ता महत्त्वपूर्ण सोचविचारहरू जो व्यक्त हुन्छन्, तिनको अभिलेख गर्नु जरूरी हुन्छ । श्रुति, स्मृति, दर्शन, पुराण आदि जो आज हामी पढ्छौं, ती अतीतका हाम्रा पिता पुर्खाका व्यक्त अभिलिखित सोच विचार र चिन्तन हुन् । ज्ञानको स्रोत मूलतः दुइटा मानिएको छ । एक परेर जान्ने र अर्को पढेर जान्ने । परेर वा गरेर जान्ने कुरा राम्रो हो, आफैले भोगेर हासिल गरेको अनुभवरूपी ज्ञान सर्वोत्तम हुन्छ, नभुलिने हुन्छ । किशोरलाई जीवन सङ्घर्षमा तारूण्य र प्रौढावस्थाको ज्ञान पनि आवश्यक हुन्छ, त्यो उसले पढेरै प्राप्त गर्नु पर्दछ, अनुभवद्वारा प्राप्त गर्न सक्तैन । त्यसैले अभिलेख जरूरी भयो, अनि त्यो अभिलेख धेरै जनका सामु पुग्नु पनि पऱ्यो । त्यसको निमित्त छापाखाना आवश्यक भयो ।

## नेपालमा छापाखानाको आगमन

छापा निकाल्ने उपकरण र विधि, भनिन्छ, दुनियामा सबभन्दा पहिले चीनमा आविष्कार भएको हो । ईसाभन्दा दुई हजार वर्षपहिले चीनको कुन ठाउँमा छापाको उपकरण र त्यो निकाल्ने विधि कसले बनायो, त्यसको जानकारी पाइएको छैन । भनिन्छ, चीनियाहरूको छापा-छपाइका कुराबाट यूरोपमा जर्मनीका गुटेन वर्गले छापाल र छपाइका अरू उपकरण औ प्रविधि निकाले । अनि त्यो यूरोपका अरू मुलुकमा पनि फिँजियो । तर नेपालमा भने बीसौँ शताब्दीको आरम्भतिर तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर कुँवर (राणा) ले बेलायतको राजकीय यात्राबाट फर्कंदा त्यहाँबाट एउटा छापाकल ल्याएका थिए भनी नेपालको छापाखानाको इतिहासमा लेखेको पाइन्छ । त्यो छापाकलको अगाडिपट्टि माथिल्लो भागमा गिद्ध जस्तो चराको आकृति टाँसिएकोले मानिसहरू त्यसलाई गिद्धे प्रेस भन्दथे । जङ्गबहादुरले ल्याएको प्रेस उनैको दरवारभित्र रह्यो र उनकै अर्थात् सरकारको काममा प्रयोग भयो । भनिन्छ जङ्गबहादुरले मुलुकी ऐन, अदालती बन्दोबस्तका किताब १९१० मा त्यही प्रेसमा छपाएका हुन् । त्यो प्रेस सर्वसाधारणको उपयोगमा आएन । सरकारी कामकै लागि अरू २/३ छापाखाना पनि चलाएको जानकारी पाइन्छ । त्यसबाहेक राणा खलक, तिनका नातासम्बन्धी र गुरूपुरोहितले आफ्ना घरमा छापाखाना राखेका थिए । तर ती जनताको उपयोगमा आएको पत्तो पाइँदैन ।

जङ्गबहादुरले छापाकल ल्याएको ५/६ दशकपछि सर्वसाधारणको उपयोगमा आउने छापाखाना राजधानीमा एकादुईले राखेका थिए। व्यवसायको रूपमा जनसाधारणबाट पहिलो छापाखाना राख्ने व्यक्ति पण्डित मोतिकृष्ण धीरेन्द्र थिए। उनले संवत् १९५० मा ठँहिटीमा पाशुपत प्रेस नामको छापाखाना स्थापना गरेका थिए। नेपालमा नै १९४९ सालमा पाको पोखल्डचाङ निवासी दुरुकाजी भनिने कुवेर रत्न बज्राचार्य आफैले छापाकल बनाएर चलाएको गृष्मबहादुर देवकोटाले *नेपालको छापाखाना र पत्र पत्रिकाको इतिहास* नामको आफ्नो ग्रन्थमा उल्लेख गरेका छन्। त्यो छापाखानाको नाम 'बुद्ध प्रेस' राखिएको थियो। उनै देवकोटाका अनुसार नेपालका वैज्ञानिक भनेर कहलिएका गेहेन्द्र शमशेर जबराले पनि छापाकल बनाएका थिए। उनले बनाएको छापाकलको नाम नारायण प्रेस थियो र त्यो जमलमा राखिएको थियो। यीबाहेक ओमबहाल निवासी निष्ठानन्द बज्राचार्यले १९६७ सालमा लिथो छापाकल बनाएर चलाएको बेहोरा पनि उनले उल्लेख गरेका छन्। त्यस बेला छापा निकाल्ने कुरामा कडा नियन्त्रण थियो। देवी देवताको भजन स्तुतिबाहेक अरू रचना छापामा छपाउन सकिन्नथ्यो। १९७८ सालमा मकैको खेती किताब छपाउँदा सरकारले छापिएको सबैजसो प्रति जफत गरेको मात्र होइन, शासक वर्गको खिल्ली उडाउन लेखेको भन्ने आरोपमा लेखकलाई समेत कारावासको सजाय दिएको थियो। भनिन्छ, उनको जीवनलीलाको इतिश्री त्यही कारावासमा भएको थियो। नागरिक चेतना बढाउने पुस्तक पत्रपत्रिका छाप्ने छापाखानाको यति कठोर नियन्त्रण राजधानीमा नै थियो भने मोफसलमा छापाखाना राख्ने हिम्मत गर्न कसले सक्ने ? २००७ सालको जनक्रान्तिले १०४ वर्षको जहानिया शासन अन्त्य गरेपछि मात्रै राजधानीका छापाखानाको सङ्ख्या बढ्न थाल्यो र छापाखानाले छपाइको काम बिस्तारै पाउन थाले। अनि मात्रै तराइका व्यापारिक नाकाहरू पूर्वमा विराटनगर र जनकपुर, बीचमा वीरगञ्ज र बटौली एवं पश्चिममा नेपालगञ्जमा मानिसले छापाखानाको खाँचो अनुभव गर्न थाले होलान्।

## पोखरामा छापाखानाको प्रवेश

पोखरा जस्तो हिमालयको काखको उपत्यका, जहाँ न उद्योग छन्, न व्यापारको नै विकास भएको छ, सानो स्थानीय उपभोक्ता बजार मात्र छ, न शिक्षण संस्था छन्, न औषधि-उपचारको नाममा सानो क्लिनिक या डिस्पेन्सरी नै छ, जहाँ वर्षको चार महिना खेतीपाती गरेर वर्ष दिनको गुजारा चलाउनेहरूको बाहुल्य छ, त्यहाँ छापाखानाको खाँचो अनुभव गर्ने अवस्था नै थिएन। राजधानी पुग्न

पैदल ९/१० दिन हिँड्नु पर्थ्यो, त्यस्तै दक्षिण सीमानामा पुग्न ५/६ दिनको पैदल यात्रा गर्नु पर्दथ्यो । धेरैले छापा भन्ने देखेको भए पनि छापा निकाल्ने छापाखाना कुन चराको नाम हो धेरैलाई थाहै थिएन । मानिसलाई लेखपढ गर्न आवश्यक पर्ने पुस्तक कापी आदि तयार गर्न छापाखाना चाहिन्छ । मानिस, जहाँ लेखपढ नै गर्दैन, त्यहाँ छापाखानाको काम नै हुँदैन । २०१२ सालमा पोखरा-२, भैरवटोल निवासी भर्खर जुँगारेखी बसेका रामबहादुर बडगामीले बटौलीबाट एउटा १०"×१५" को छापाकल, त्यसलाई नभई नहुने अरू सहायक औजार यन्त्र ल्याउँदा उनका छिमेकीले के ल्याएको होला यस्तो यो सामान, न कुटो कोदालो बनाउँछ, न भाँडाकुडा न गरगहना नै कमाउँछ, के काममा आउँछ र कमाइ भएर घर-व्यवहार चल्दछ, भनेका थिए । बडगामीकी आमा छिमेकीको टिप्पणी सुनेर मनमनै दिक्क मानेकी थिइन्, मुखले भने छिमेकी देउरानी जेठानीसँग गुड्डी हाँक्थिन्, "मेरो राम बडो बुद्धिमान् छ, पिरेस ल्यायो, छापा छापेर धेरैलाई जान्ने बुझ्ने बनाउँछ रे"। विचरी निरक्षर आमा छोराले आफूलाई जे भन्यो त्यही अरूलाई बताएर गर्व गर्ने गर्दथिन् ।

जति बेला रामबहादुर बडगामीले पोखरामा छापाखाना खोले, त्यति बेला छापाखाना साँच्चै नै चल्ने अवस्था थिएन । सरकारी कार्यालयहरू जम्माजम्मी चारओटा मात्र थिए । गोश्वारा, माल, अदालत र हुलाक । तिनताक तिनमा छापेका मसलन्दको उपयोग नै हुँदैनथ्यो । उद्योग कलकारखाना केही थिएन । स्कूल भर्खर भर्खर खुल्न थालेका थिए । कलेज त मानिसको सोचमा पनि थिएन । ९८ प्रतिशत मानिस निरक्षर भएको ठाउँमा के सोचेर छापाखाना खोल्नु भयो ? कहाँबाट कसरी ल्याउनु भयो ? भनी यो लेखकले सोध्दा बडगामीले आफ्नो कुरा यसरी बताए:

> तपाईंको सन्देह जायज हो, तत्काल छापाखाना चल्ने स्थिति थिएन । देश र दुनियाको उन्नतिको बाधक बनेको शताब्दी लामो निरङ्कुश जहानिया राणाशासन अन्त्य गर्न सात सालमा क्रान्ति भयो । त्यो क्रान्तिमा हजारौँ तन्नेरी होमिए, ती हजारौँमा म एक थिएँ । क्रान्तिभन्दा दुई वर्ष अघिदेखि म नेपाली काङ्ग्रेससँग आबद्ध भएको थिए । पोखरा बजारका हामी केही तन्नेरीहरूले नेपाली काङ्ग्रेसको सङ्गठन बनाएका थियौँ । सामान्य लेखपढ मात्र जानेको औपचारिक शिक्षा नभएको भए पनि व्यापारीको छोरो भएकोले म कुरा बुझ्थेँ । म एक्ली आमाले पालिएको, कामधन्दा खास केही नभएकोले नियन्त्रणविहीन र फुर्सदिलो हुँदा यहाँको साङ्गठनिक गतिविधिमा पनि लागेको थिएँ । केन्द्रमा पुगेको बेला प्रचार सामग्री लिन कहिलेकाहीँ छापाखानामा पनि जानुपर्दथ्यो । छापाखानामा पटकपटक गइरहँदा छापा कसरी तयार गरिन्छ भन्ने कुरा हेर्ने देख्ने अवसर मैले पाएको थिएँ । क्रान्तिपछि म राजधानीमा बस्न थाले । राजधानीमा पनि केही समय पार्टी सङ्गठनकै काममा लागे । पार्टी सङ्गठनको काममा त्यहाँ पनि यदाकदा

छापाखानामा जाने काम पर्दथ्यो । त्यसबाट पनि मलाई छापाखानाबारे केही जानकारी मिलेको थियो ।

बडगामी अगाडि सुनाउँछन्:

> २००९/०१० सालतिर टुरिङ्ग सिनेमाको लाइसेन्स लिएर म बुटवल गएँ । सिनेमा प्रदर्शन गर्न टिकट छाप्नुपर्‍यो । त्यहाँ रिडीका यज्ञप्रसाद श्रेष्ठले निर्मल प्रेस नामको छापाखाना चलाउँदा रहेछन् । टिकट छपाउने काम नियमित नै हुन्थ्यो । छापाखानामा आइजाइ भइरहन्थ्यो । त्यो छापाखानामा एउटा छापाकल काम नलिइकन राखिरहेको देखेर एकदिन साहुलाई मैले सोधेँ- "हैन साहुजी त्यो मेसिन कहिल्यै चलाएको देख्दिनँ, काम नगर्ने भएर रहेको हो कि अरू नै कुनै कारण छ ?" । साहुजीले भने "काम थोरै हुँदा त्यसैमा गरिन्थ्यो, त्यसले काम नभ्याएपछि ठूलो कल ल्याइयो, सबै काम ठूलै कलमा गरिन्छ । सानो र थोरै काम हुँदा त्यो पनि चलाइन्छ ।" अनि मैले सोचेँ अहिलेसम्म पोखरामा कसैले छापाखाना राखेको छैन, अझै ८/१० वर्ष छापाखाना राख्न कोही तम्सिने स्थिति देखिँदैन । त्यो खाली बसेको कल लगेर राखिदियो भने पोखरामा प्रेस छ भन्ने हुन्छ । बिस्तारै पोखराको विकास हुँदैछ । टुरिङ्ग सिनेमा यहाँ जस्तै पोखरामा पनि पुगेको छ । अरू नयाँनयाँ कुरा समयले ल्याउँदै जाला । प्रेसको काम जानेको एउटा मानिस लगेर त्यहीँको १/२ जना ठिटालाई एकाध महिना काम सिकायो भने त्यहीँको मानिसबाट काम लिन सकिन्छ । साधन भयो भने दाइ, भाउजु, आमा जसले पनि यो काम गर्न सक्दछन् । नभएर मात्र हो, भएपछि ढिलो-चाँडो हो, छापाखानाको काम नपाइएला भन्ने हुँदैन । यो सोच बनाएर निर्मल प्रेसका साहुलाई भनेँ, "कोही किन्ने मानिस आयो भने, त्यो नचलाई राखेको छापाकल बेच्नु हुन्छ त ?" । साहुले भने, "किन बेच्नु पर्‍यो र ? त्यसलाई खान दिन पर्दैन, क्यै गर्न पर्दैन । छापाखानामा अनेक थरीका काम आउँछन् । साना काम आएको बेला त्यो पनि चल्दछ । त्यसैले बेच्नु परेको छैन ।" मैले भने, "तपाईंले दिनुहुन्छ भने म पोखरा लैजाउँ कि भनेर सोधेको हुँ । पोखरामा अहिलेसम्म छापाखाना छैन । दिनुहुन्छ भने मोलमाल गरौँ, म यसलाई पोखरा लैजान्छु ।" साहुले भने, "तपाईंले नै पोखरा लैजाने हो भने मोलतोल त मिलिहाल्छ नि ।" यसरी तत्कालै फाइदा हुन्छ भन्ने मनसायले नभई नभएको बाना लग्यो भने त्यो पनि विकासको एउटा खुट्किलो होला भन्ने मेरो सोच हो । यही सोचअनुसार भरियालाई बोकाएर बुटवलबाट सामान ल्याई छापाखाना खोलेको हुँ ।

रामबहादुर बडगामीले छापाखानाको नाम 'गङ्गा प्रेस' राखेका थिए । त्यसमा १०"×१५" को कागज छपाइ हुने छापाकल १, २६" को कागज काट्ने कल १, कागजमा प्वाल पार्ने (पर्फोरेटिङ्ग) कल १, ग्याली, कम्पोज स्टिक, अङ्ग्रेजी र नेपालीका चल्तीको फोन्टका निर्वाह मात्रका केही अक्षर र ती राख्ने काठका केस र अरू काम गर्दा चाहिने आवश्यक सामान एकसरो सबै थिए । कम्पोज कसेको फ्रेम राख्ने कलको हिस्सा स्थिर रहने, त्यसको माथिल्लो भागमा मसी फेट्ने

बाटुलो पाटी, पाटीमाथि मसीदानी, दायाँ-बायाँ पाखुरामा अक्षरमा मसी दल्ने रोलरहरू थिए । अगाडिपट्टि कागज राखेर छाप्ने ढिक्का हुन्थ्यो । कलका दुवैतिर घुम्ने चक्का हुन्थे । हातले ती चक्का घुमाएपछि खुट्टाले पेडल थिचेर तलमाथि गर्दा चक्का घुम्थ्यो । रोलर पाटीमा पुगेर मसी लिएर झर्दथे र अक्षरमा मसी पोतिन्थ्यो अनि चक्का घुमाइन्थ्यो । कागज राखेको ढिक्का अक्षरमा पुगेर छापा छापिई आउँथ्यो । छापिएको कागज देब्रे हातले झिकेर राख्ने ठाउँमा राख्ने, दाहिने हातले अर्को छाप्ने कागज ढिक्कामा राख्ने साथसाथै गर्नु पर्दथ्यो । हात



रामबहादुर बडगामीले वि.सं. २०१२ मा पोखरामा भित्र्याएको छापाकल ।

र खुट्टा साथसाथ चलाएर छपाइ गर्ने काम अभ्यस्त मानिसले मात्र गर्न सक्दथ्यो । छिटो कल चलाउनेले प्रति घण्टा एक हजार प्रति छाप्छ भन्थे । छाप्ने कल पुरानो र छाप्ने मानिस सिकारू हुँदा रोलरमा कागज बेरिने, पङ्क्ति तलमाथि हुने, एउटै पृष्ठमा कतै मसी फुल्ने, कतै मसी पातलो भएर अक्षर अस्पष्ट हुने आदि अनेक दोष छपाइमा भए पनि ग्राहकले अर्को छापाखाना नहुँदा सहनुपर्ने अवस्था थियो ।

छापाखाना चलाउन त्यसको काम जानेकै मानिस चाहिन्छ, जोकोहीले गर्न सक्तैन । छापाकल चलाउने, अक्षर मिलाउने, छापेका सामग्रीको बँधाइ गर्ने आदि थरीथरीका कामका लागि श्रमिकको खाँचो हुन्छ । रामबहादुर बडगामीलाई यो ज्ञान थियो । प्रेससँगै लक्ष्मीप्रसाद नापित नामको मानिस उनले ल्याएका थिए । उसले टुक्र्याएर ल्याएका कल (मेसिन) हरू जडान गर्ने काम गर्‍यो । दुई वर्ष जति बसेर प्रेसमा आएका काम गर्नुको साथै छिमेकका बेरोजगार ठिटाहरूलाई कल चलाउने, अक्षर मिलाउने, बँधाइ कटाइ गर्ने, कागजको हिसाब गर्ने आदि काम

सिकायो । अनि तिनैले अरूलाई सिकाए । जतिले सिके सबै एउटै छापाखानामा खपत हुन सक्तैनथे । छापाखाना थपिँदै जाँदा तिनले काम पाए तैपनि दक्ष श्रमिकको खाँचो भइरह्यो । र यो खाँचो पूरा गर्न बढी पैसा र सुविधाहरू दिएर काठमाडौँबाट मानिसहरू ल्याउनु पर्दथ्यो । पोखरामा छापाखानाको कामको तालिम लिने व्यक्तिहरू हरि बडगामी, रविचन्द्र कोइराला, माधव ताम्राकार, गोकर्ण लिगल आदि थिए ।

छापाखाना २०१२ सालमा स्थापना भएको भए पनि २०१५ सालसम्म खासै चलेको थिएन । २०१५ सालको हिउँददेखि छापाखानाले काम पाउन थाल्यो । नेपालमा पहिलो संसदीय आम निर्वाचन गरिने घोषणा भएको थियो । पश्चिम ३ र ४ नं. इलाका र बाग्लुङ गौडाअन्तर्गतका निर्वाचन क्षेत्रका प्रतिनिधि सभा सदस्यका उमेदवारहरूको निर्वाचन प्रचार सामग्री छपाइ गर्नुपर्ने भयो । यो क्षेत्रमा गङ्गा प्रेसबाहेक अर्को छापाखाना थिएन । छापाखानाका मालिक काङ्ग्रेस भएकोले काङ्ग्रेसी उम्मेदवारको प्रचार सामग्रीको छपाइको एकाधिकार यसले पायो । निर्वाचन साधन र कर्मचारी तथा सुरक्षाको जनशक्ति सीमित हुँदा निर्वाचन चरणबद्ध रूपमा गरिएकोले छापाखानाले निर्वाचन तालिकाअनुसार काम गर्ने मौका पायो । निर्वाचित सरकार बनेपछि विकास गतिविधि बढे । पोखरा नगरपालिका घोषित भयो । जिल्ला विकास बोर्ड बन्यो । नयाँनयाँ विद्यालय खुले । एउटा साप्ताहिक पत्रिका प्रकाशनमा आयो । कलेज खुल्यो । यी सबै गतिविधिले छापाखानाको काम पनि सिर्जना भयो र चलेको देखियो । जति थोत्रो भए पनि यो छापाखानाले नगरको बाना पूरा गर्ने काम गरेको थियो ।

यसरी विकासले गति लिन लागेको बेला एकाएक अप्रत्याशित दुर्घटना भयो । राजा महेन्द्रले २०१७ पुस १ गते निर्वाचित सरकार समेत संसद विघटन गरे । केही दिनपछि राजनीतिक दल, राजनीति प्रेरित सङ्घ संस्थाहरूमाथि पनि प्रतिबन्ध लाग्यो । मन्त्रीहरू, सांसदहरू र राजनीतिक दलका नेताहरूलाई पक्राउ गर्दै जेल पठाइयो । यसले विकासको गति अवरूद्ध बन्यो र मुलुकमा एक प्रकारको सन्त्रास र अन्योल व्याप्त भयो । यसले छापाखाना पनि प्रभावित बन्यो ।

केही दिनपछि राजा महेन्द्रले विघटित दलीय पद्धतिको सट्टा निर्दलीय पञ्चायती प्रजातन्त्रको नाममा आफ्नो प्रत्यक्ष शासन लागू गरे । ३२ जिल्लामा विभाजित मुलुकलाई ७५ जिल्ला र १४ अञ्चलमा विभाजन गरियो । नयाँ सरकारी कार्यालय थपिए । दलीय भावना नियन्त्रण गर्न राष्ट्रिय निर्देशन मन्त्रालय र वर्गीय सङ्गठनहरू खडा गरिए । यी नयाँ सिर्जनाले सरकारी छपाइको काम बढ्यो । एउटै मात्र प्रेस भएकाले ती काम आएर छापाखानालाई क्षतिपूर्ति केही हदसम्म भए पनि सरकारी नियन्त्रणले छापाखाना थिचिनु परेको थियो ।

## छापाखानाको विस्तार

बडगामी प्रेस आएको दस वर्षपछि पोखरामा तुलाचन प्रेस आयो । यो प्रेस थाक टुकुचेका नरसिंह भक्त तुलाचनले ल्याएका हुन् । उनी विकलाङ्ग थिए । आफू पोखरामा बस्दैनथे । उनका दाजु प्रकाश तुलाचन होमियोप्याथीका डाक्टर थिए र केही समय अघिदेखि पोखरामा त्यो चिकित्सा पद्धतिको अभ्यास गरेर बसेका थिए । प्रेसको व्यवस्थापन र सञ्चालनको जिम्मेवारी आफ्ना दाजु प्रकाश तुलाचनको जिम्मामा छाडेका थिए । डा. प्रकाशले मानिस राखेर प्रेस चलाउने प्रयत्न गरे, एकातिर त्यसरी चलाउँदा फाइदा देखिएन, अर्कोतिर त्यसले आफ्नो चिकित्सा व्यवसायमा पूरा ध्यान लगाउन नपाएकोले उनले तुलाचन प्रेस भाडामा दिए । पछि भाडामा चलाउनेलाई नै प्रेस बेचे । छापाखाना भाडामा चलाउने र पछि किन्ने व्यक्ति स्थानीय भीमसेन टोल निवासी खड्गलाल बजिमय हुन् । आफ्नो बनाएपछि उनले प्रेसको नाम पोखरा सेण्टर प्रेस राखे ।

प्रेसको धन्दामा लाग्नुअघि खड्गलाल धातुका भाँडाको व्यापार गर्दथे । प्रेसमा लागेपछि भाँडाको व्यापार छाडे । उनका भाइ र छोराहरू त्यही छापाखानामा तल्लीनताका साथ लागेका थिए । छापाकल एउटाले नपुगेर अर्को थपे । छापाखानाबाट उनले राम्रै उन्नति गरे । खड्गलालले अहिले पोखरा सेण्टर प्रेस र पोखरा अफसेट प्रेस क्रमशः भिमसेनटोल र पृथ्विचोकमा चलाएका छन् । छापाखानामार्फत नै कापी नोटबुक रजिष्टर आदि मसलन्द उद्योग पनि चलाएका छन् । उनका माइला भाइ वसन्तले आफ्नो छुट्टै छापाखाना शङ्कर अफसेट प्रेस पृथ्वीचोकमा चलाएका छन् ।

२०२६ सालमा पोखरामा गण्डकी प्रेस नामले अर्को छापाखाना भित्रियो । यो छापाखाना शिक्षक, कर्मचारी र ठेकदार क्रमशः कृष्णजी शर्मा, स्थानेश्वर शर्मा र कीर्तिबहादुर केसीको साझेदारीमा ल्याइएको थियो । यो भर्खर बजार बन्न लागेको महेन्द्रपुलमा राखिएको थियो ।

उमाकान्त शर्मा र यामप्रसाद गुरूङ मिलेर २०२७ सालमा पार्दीमा माछापुच्छ्रे प्रेस नामले अर्को छापाखाना राखे । उमाकान्त स्याङ्जातिर गाउँमा विद्यालयका शिक्षक थिए । यामप्रसाद गुरूङ्ग छापाखाना चलाउँथे । उधारो धेरै गयो फाइदा भएन भनेर ३/४ वर्षपछि उनीहरूले छापाखाना राधेश्याम कमारो, राघवलाल वैद्य, र कान्छाकुमार कस्केलीलाई बेचे । किन्नेहरूले त्यो छापाखानाको नाम बदलेर राष्ट्रिय छापाखाना राखे र भीमसेन टोलमा ल्याई चलाए ।

पोखराको पहिलो छापाखाना गङ्गा प्रेस रामबहादुर बडगामीले ल्याए पनि सञ्चालन उनका सहोदर सगोलका दाजु चीनबहादुर बडगामीले गर्दथे । साप्ताहिक

*हिमदूत* पत्रिका छाप्दा स्थानीय प्रशासनले दुई पटक त यो प्रेसको दर्ता नै खारेज गऱ्यो कारवाहीमा । गङ्गा प्रेसको दर्ता खारेज गरिएपछि छापाखानाको नाम लक्ष्मी प्रेस बन्यो । अर्को पटक लक्ष्मी प्रेस पनि खारेज भएपछि त्यही छापाखाना बडगामी प्रेस भएको थियो । पत्रिकामा छापिएका समाचार औ सम्पादकीय टिप्पणीका कारण छापाखानाका सञ्चालकले वयान दिने, तारेख बोक्ने आदि झमेला खेप्नु परेको थियो ।

यस्तैमा दुई तीनोटा प्रतिस्पर्धी छापाखाना एकपछि अर्को गर्दै थपिएपछि चीनबहादुरलाई आफ्नो छापाखानामा सुधार गर्नै पर्ने भयो । उनले पनि नयाँ १३"×१९" को भारतीय छापाकल ल्याए । पुराना टाइप रिकास्ट गराए, नयाँ ३/४ थरी टाइप पनि थपे । तर उनको आयस्तामा बढोत्तरी भएको अनुभव उनलाई भएन । नयाँ छापाखानाहरू आएपछि छापाखानाले ग्राहकहरूलाई कमिसन दिने चलन सुरु भयो । चीनबहादुर आफू छापाखानामा बस्दैनथे, म्यानेजर राखेका थिए । कमिसनको खेल सुरु भएपछि कमिसनको नाममा फाइदा म्यानेजरले खाने छापाखानाको मालिक डचाक खाने स्थिति बन्यो । छापाखाना घरमा नै भएकोले चीनबहादुरकी आमा को आयो को गयो भन्ने कुराको हेर विचार त गर्दथिन्, किन्तु निरक्षर भएकीले रकमकलमको यताउतिमा हेर विचार गर्न उनी समर्थ थिइनन् । त्यसैले चीनबहादुर बडगामीले २०२९ सालमा छापाखाना बेचे ।

*हिमदूत* सम्पादक प्रकाशक चित्राङ्गद सिग्देल, केशवराज पराजुली र गायत्री अधिकारीले बराबर हिस्सेदारीमा त्यो प्रेस किने । उनीहरूले सो छापाखाना महेन्द्रपुलमा हिमाली छापाखाना नाम दर्ता गरी सारे । छापाखाना सञ्चालकको जिम्मेवारी चित्राङ्गदलाई नै सुम्पिएको थियो । छापाखाना आफ्नै भए पनि पत्रिकाको गुणस्तर अपेक्षित मात्रामा नबढेपछि सम्पादकले अरू हिस्सेदारलाई उनीहरूको लगानी फिर्ता गरी एकलौटी बनाए । अहिले त्यो छापाखाना सिग्देल मुद्रणालय प्रा.लि. को नामले पोखरा औद्योगिक क्षेत्रमा चलिरहेको छ । दुई रङ्ग एकै साथ छाप्ने १८"×२५" को एक, एकल रङ्गको १८"×२८" को एक र १०"×१५" को गरी तीन अफसेट छापाकल, स्वचालित ४२'' को कागज काट्ने कल, ५ थान कम्प्युटर, साथै स्क्रिन छपाइ राखेका छन् । आफ्ना पुराना चीनिया ट्रेडल लेटर प्रेसका छापाकललाई अरू नै प्रयोजनमा प्रयोग गरेका छन् । दिनको सरदर १०×१२ घण्टा मेसिनहरू चल्दछन् र २२ जना मानिस काम गर्दछन् । पोखराको सबभन्दा ठूलो छापाखाना यही सिग्देल मुद्रणालय प्रालि बनेको छ ।

माछापुच्छ्रे छापाखाना किनेर राष्ट्रिय छापाखाना स्थापना गर्ने साझेदारहरू पनि लामो समय मिलेर बस्न सकेनन् । साझेदारीबाट अलग भएर कान्छाकुमार

कस्केलीले एकलौटी आफ्नो छापाखाना राखे । उनले छापाकल ११"×१६" को ट्रेडल १ र १८"×२२" को फ्ल्याट कल भएको काठमाडौँबाट अरूले चलाइरहेको छापाखाना उठाएर ल्याएका हुन् । माधव शर्माले काठमाडौँबाट १३"×१९" को भारतीय ट्रेडल छापाकल ल्याई पार्दीमा पशुपति प्रेस नामले २०३८ सालमा राखे । उनले त्यसबाट *छानवीन* र *हिमाली आवाज* नामका साप्ताहिक पत्रिका चलाएका थिए । औद्योगिक क्षेत्रभित्र विजय बजिमयले विजय छापाखाना राखेर चलाए । यसरी २०१२-२०४० साल सम्म २८ वर्षको अन्तरालमा पोखरामा छापाखाना चलाउन अनुमति दिने सरकारी कार्यालयमा जति छापाखाना दर्ता भएको भए तापनि सातओटा छापाखाना चलेका थिए ।

## छापाखाना र पत्रपत्रिकाको सम्बन्ध

२०३९ सालमा सरकारले नयाँ छापाखाना र प्रकाशनसम्बन्धी ऐन र नियम जारी गऱ्यो । प्रकाशन दर्ता गर्न सम्पादकको योग्यता, प्रकाशकले पूँजी देखाउनुपर्ने बन्देज लगाए पनि पत्रिका दर्ता गर्ने कुरामा केही खुकुलो गऱ्यो । राजधानीमा मात्र होइन, मोफसलमा समेत थुप्रै पत्रपत्रिका दर्ता भए । यही सिलसिलामा पोखरामा केशवराज पराजुली आफू सम्पादक प्रकाशक बनी दैनिक *जनमत* पत्रिका दर्ता गरे । *सप्तगण्डकी, खसोखास, राष्ट्र आवाज, पर्यवेक्षक, अरूणोदय* नामका साप्ताहिक पत्रिकाहरू पनि दर्ता भए । उमाकान्त शर्माले पहिले दर्ता गरिराखेको *अब्जर्भर* नामको दुईमहिने अङ्ग्रेजी पत्रिकालाई *अवलोकन* दैनिकमा परिणत गरी निकाल्न थाले । दैनिक पत्रिका प्रकाशन गर्न आफ्नै छापाखाना हुनुपर्ने अनुभव गरी केशवराज पराजुलीले औद्योगिक क्षेत्रमा चलाइराखेको विजय बजिमयको विजय छापाखाना किने । विजय छापाखाना हाम्रो छापाखाना भयो । उमाकान्त शर्माले नयाँ माछापुच्छ्रे प्रेस सिर्जनाचोकमा राखे ।

दैनिक पत्रिकाको प्रकाशन र छापाखानाको धन्दा एक्लैले चलाउन सजिलो रहेनछ । छापाखाना चलाउन कार्यालयमा र व्यापारीकहाँ धाउनुपर्ने, खुसामद चाकरी गर्नुपर्ने, हाकिम, लेखापाल, भण्डारेलाई कमिसन बुझाउनुपर्ने, त्यस्तो गर्न पत्रिकाको सम्पादक प्रकाशकको हैसियतमा नसुहाउने मात्र होइन, नैतिकता पनि नभएको अनुभव स्वयंलाई हुने एकातिर भने काम दिनेवालाहरू नै त्यस्तो माग गर्न अप्ठ्यारो अनुभव गरी पन्छिने, पन्छाउने काम गर्ने हुँदा छापाखाना चलेन र केशवराज पराजुलीले तीर्थलाल श्रेष्ठलाई बेचिदिए । यो बेचिएको छापाखाना १५"×२०" को र ११"×१६" भारतीय र चीनिया ट्रेडल छापाकल थिए र ती अनुरूपका अरू सामान थिए । बाहिरी काम नभएपछि पत्रिका निकाल्न मात्र

आवश्यक मात्रामा अक्षर औ एउटा मात्र १३"×१९" को छापाकल भए भइहाल्यो भन्ने सोचेर बेचेको हो । सोचाइ अनुसारको छापाकल र अक्षर ल्याएर प्रकाशन जारी राख्ने काम भयो । पत्रिकाको आयस्ताले छापाखानाको खर्च धान्न मुश्किल परेर कापी रजिष्टर बनाउने उद्योग गर्न थाले उनले । पर्याप्त पूँजीको अभाव, ठूला व्यवसायीसँग प्रतिस्पर्धा गर्नुपर्दा यो उपाय पनि निस्फल भएर छापाखाना नै फेरि बेच्ने काम भयो र पत्रिकाको छपाइ अरूकै छापाखानामा गर्ने गरियो । यसो गर्दा एक त छपाइ खर्च ज्यादा लाग्ने, दोस्रो छापाखाना र पत्रिकाको समयसारिणीमा व्यवधान बरोबर सामना गर्नु परेको तीतो अनुभव साथै पर्याप्त लगानीको सामर्थ्य नभै एक्लै दैनिक अखबार चलाउन सम्भव नदेखिँदा विकल्पमा सहकारिताको आधारमा सङ्गठित हुने र अफसेटको छपाइ गर्ने सोचका साथ चेतना प्रकाशन सहकारी संस्था लि. २०५२ सालमा दर्ता गरियो । त्यति बेला पोखरामा दुईओटा अफसेट छापाकल आइसकेका थिए । छापाखानाका मालिकसँग छपाइको मोलतोल हुँदा हिसाब मिलेन र पुनः सहकारी संस्थाले १८"×२२" को फ्ल्याट छापाकल ल्याई वाणी छापाखाना नाम राखी पत्रिका सञ्चालन गरियो । सामूहिक प्रयत्नले पत्रिकालाई स्थापित गऱ्यो, किन्तु छपाइको स्पर्धामा जानै पर्ने अनुभव भयो र तदनुसार प्रयत्न गर्ने क्रममा छापाखाना पनि बेचियो ।

अफसेट छपाइले छापाको बजार ढाके पनि २०४६ सालसम्म पोखरामा अफसेट छापाखाना थिएन । शङ्कर श्रेष्ठले औद्योगिक विकास निगमको लगानीमा २०४६ सालमा १८"×२५" को चेक अफसेट प्रेस नयाँ बजारमा राखे । उनको छापाखानाको नाम सुदीप अफसेट प्रेस हो । यस बीच पनि क्याम्पसका अङ्ग्रेजी शिक्षक देवेन्द्र अधिकारीले क्याम्पस स्तरका अङ्ग्रेजी पाठ्यपुस्तकका टीका आफैले प्रकाशन गर्ने उद्देश्यले लेटर प्रेस ल्याएका थिए । कृष्णप्रसाद बाँस्तोलाले फूलवारी छापाखाना खोले । विन्दुप्रसाद अधिकारी र श्रीप्रसाद पराजुलीले लेटर प्रेस ल्याएर रामघाटमा चलाएका थिए । कल्याण पालिखेले पालिखेचोकमा मुनाल प्रिन्टिङ प्रेस राखेपछि उनले अफसेट पनि थपे ।

## अहिलेको अवस्था

अहिले पुराना छापाखाना राख्ने कतिपयले त्यो व्यवसाय नै त्यागे भने कतिपयले पुराना यन्त्र उपकरण हटाएर नयाँ यन्त्र उपकरण औ प्रविधि अवलम्बन गरी आफ्नो व्यवसायलाई निरन्तरता दिइरहेका छन् । पहिले पुरानो छापाखानामा श्रमिक भई काम गरेका कम्पोजिटर, मेसिन म्यानहरूले सरल दाममा पुराना यन्त्र उपकरण लिएर आफ्नै छापाखाना चलाएर बसेका छन् । साना व्यवसायी,

जसलाई सानो परिमाणमा छापेको मसलन्दको आवश्यकता पर्दछ, त्यस्ताले त्यस्तै सानोतिनो छापाखानाबाट काम लिनु किफायती हुन्छ । र त्यस्ता पुराना यन्त्र उपकरण चलाउनेहरूकहाँ पनि काम भइरहेको देखिन्छ । उनीहरू आफ्नो ग्राहकले नयाँ प्रविधिको छपाइ चाहियो भन्छ भने, उसको अर्डर लिएर नयाँ प्रविधिको छापाखानामा छपाइ गरी ग्राहकलाई दिन्छन् । यसो गर्दा ग्राहकबाट दर अनुसारको नाफा र काम गराएको छापाखानाबाट कमिसन गरी दोहोरो फाइदा साना छापाखाना व्यवसायीलाई हुन्छ । तर पुराना, प्रविधिका उपकरण जस्तै, टाइप फेर्नुपर्ने भयो भने बजारमा पाउन गाह्रो छ । त्यसको बजार नै हराउँदै जाँदो छ । यसबाहेक साना छपाइका काम स्क्रिन प्रिन्ट, डेस्क टप अफसेट प्रेस, अथवा कम्प्युटर गरी फोटो कपी गराएर पनि छपाइको काम हुने गरेको छ । त्यसैले कतिपयले पुराना छापाखानाका सामानहरू कवाडीलाई बेचेका छन् ।

मानिस आफूसँग जे छ, त्यसैमा सन्तुष्ट भएर बस्ने प्राणी होइन । ऊ बढीभन्दा बढी फाइदा केबाट लिन सकिन्छ भनेर लेखाजोखा गरिरहन्छ । फूलबारी प्रेसका कृष्णप्रसाद बाँस्तोलाले १६ वर्षको अन्तरालमा ४/५ परिवर्तन गरे । पहिले उनले त्रिशुलीबाट त्यहाँ चलाइरहेको ११"×१६" को चीनिया छापाकल ल्याएका थिए । पछि १३"×१९" को चीनिया छापाकल ल्याए । त्यो बेचेर अफसेट प्रेसवालालाई पत्रिकाको हिस्सेदारी दिएर पत्रिका चलाए । त्यही बीच गोरखापत्र संस्थानको २२"×३३" को वेभ मेसिन ल्याएर पोखरामा प्रयोग गरे, सन्तोषजनक भएन र गैडाकोट लगेर चलाए । अहिले उनीसँग २०"×३०" को भारतीय अफसेट छापाकल छ । आदर्श समाज बहुमुखी प्रकाशन प्रा.लि. दर्ता गरेर *आदर्श समाज* पत्रिका र छापाखाना चलाइरहेका छन् ।

छापाखाना राख्न छापाखाना र प्रकाशनसम्बन्धी ऐन र नियम २०१९, २०३९ र २०४८ अनुसार जिल्ला प्रशासनबाट अनुमति लिनुपर्ने अनिवार्यता छ । यो लेख तयार पार्ने सन्दर्भमा यस जिल्लामा के-कस्ता कति छापाखाना दर्ता छन् त भनेर हेर्न जाँदा २०४६ साल पहिलेको रेकर्ड २०४७ साल वैशाखमा जिल्ला प्रशासन कार्यालय आगलागीमा परेकोले अभिलेख छैन भन्ने जानकारी प्राप्त भयो । २०४७ सालदेखि जिल्ला प्रशासन कार्यालय (कास्की) मा दर्ता भएका छापाखानाको सूची तालिका १ मा देखाइएको छ ।

पोखरा सेण्टर प्रेस पोखरा- २, कस्केली छापाखाना पोखरा- २, विन्ध्येश्वरी छापाखाना, पोखरा- २ यी तीनओटैमा अफसेट छापाकल हुन् र तीनओटै चालु छन् । गण्डकी प्रेस अहिले चलेको छैन । पशुपति छापाखाना पशुपति प्रिन्टिङ हाउसमा परिवर्तित भएको छ र प्रोप्राइटर एवं स्थान परिवर्तन भएको छ । नयाँ

माछापुच्छ्रे छापाखाना, हाम्रो छापाखाना र वाणी छापाखाना बेचिए । ती छैनन् । रिकर्डमा नभएका तर चल्दै गरेका लेटर प्रेस र अफसेट प्रेस छन् । प्रतीक अफसेट प्रेस, न्यू भ्याली अफसेट प्रेस, नौलो घुम्ती अफसेट प्रेस, ग्राफिक्स प्रिन्टर्स अभिलेखमा नदेखिएका चल्दै गरेका अफसेट प्रेस हुन्, मनकामना प्रेस, पार्वती प्रेस, अर्घौ प्रिन्टिङ प्रेस, आनन्द श्रेष्ठको प्रेस त्यस्ता लेटर प्रेस हुन् । कतिपय छापाखानाले जिल्ला प्रशासनमा दर्ता नगरी उद्योग भनेर घरेलु उद्योगको स्थानीय कार्यालयमा दर्ता गराएको पनि हुन सक्छ । छापाखाना प्रकाशनसम्बन्धी ऐनले छापाखाना चलाउन जिल्लामा जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्नुपर्ने व्यवस्था गरेको छ र गराएका पनि छन् । दुवैतिर दर्ता गराउनेहरू केही सम्पन्न र  टाठा बाठाहरू हुन्छन् । सरकारी सुविधाको मौका छोप्न त्यसो गर्दछन् । जो त्यति सम्पन्न हुँदैनन्, सरकारी दस्तुर तिर्न कन्जुस्याइँ गर्दछन्, र ती सम्पन्नहरूले उछिट्याउने सरकारी सुविधाबाट वञ्चित हुन्छन् । यस्तो देखिएको छ ।

पोखरा ठूलो ठाउँ होइन । तर अब यो सानो पनि छैन । छापाखानालाई व्यस्त बनाउन बौद्धिक जमात जो आवश्यक पर्छ, त्यो यहाँको शैक्षिक संस्थाहरूको आँकडाले हुनुपर्छ भन्ने देखाउँछ । यहाँ एउटा सिङ्गो विश्वविद्यालय पोखरा विश्वविद्यालय छ । विश्वविद्यालय सरहकै पुरानो ठूलो कलेज पृथ्वीनारायण क्याम्पस, जहाँ दसौं हजार विद्यार्थी मानविकी, विज्ञान, वाणिज्य, कानुन, शिक्षा र ९/१० ओटा विषयको स्नातकोत्तर कक्षाहरूमा पढ्दछन् । वन विज्ञान अध्ययन संस्थानको केन्द्रीय क्याम्पस यहीँ छ । मेडिकल कलेज, इन्जिनियरिङ्ग कलेजहरू छन् । संस्कृत विश्वविद्यालयको आङ्गिक क्याम्पस संस्कृत विद्यापीठ छ, अरू सामुदायिक र प्राइभेट क्याम्पस पनि छन् । उच्च माविको सङ्ख्या पनि पचासौं पुगिसकेको छ । सामुदायिक, सरकारी र निजी क्षेत्रका माध्यमिक विद्यालयहरूको सङ्ख्या सयौं छ । यी बाहेक सयौं इन्स्टिच्यूटहरू पनि खुलेका छन् । फेरि यो पोखरा मात्र होइन, पश्चिमाञ्चल क्षेत्रको सदरमुकाम पनि हो । तिनलाई चाहिने शिक्षण सामग्री, पाठ्यपुस्तक र सहायक एवं सन्दर्भ सामग्री तयार गर्ने प्राज्ञिक समाज छ भन्ने मान्नु पर्दछ । सायद यहाँ प्रकाशन गृहहरूमा लगानी गर्ने मानिसको अभाव भएरै होला, त्यस्तो बौद्धिक व्यायामको त्यस्तो गतिविधि केही छैन जसले यहाँका यी अधुनातन प्रविधियुक्त छापाखानाको क्षमताको पर्याप्त उपयोग गर्न सकोस् ।

## तालिका १: २०४७ सालपछि पोखरामा दर्ता भएका छापाखानाको विवरण

| क्र.सं. | साल | छापाखाना | स्थान | सञ्चालक |
|---|---|---|---|---|
| १. | २०४७ | सृजना प्रिन्टर्स | पोखरा - ८ | सृजना युवा क्लब |
| २. | २०४८ | मुनाल अफसेट प्रेस | पोखरा - ९ | प्रो कल्याण पालिखे |
| ३. | २०५० | महालक्ष्मी प्रिन्टिङ्ग प्रेस | पोखरा - ८, चिप्लेढुङ्गा | |
| ४. | २०५० | रञ्जित छापाखाना | पोखरा - ७ | प्रो. कृष्ण लाल रञ्जित |
| ५. | २०५० | सुवाणी प्रिन्टर्स | पोखरा - २ | प्रो. दिवसमान प्रधानाङ्ग |
| ६. | २०५० | सिग्देल मुद्रणालय प्रा.लि. | पोखरा-१२, औद्योगिक क्षेत्र | अध्यक्ष, चित्राङ्गद सिग्देल |
| ७. | २०५२ | वाणी छापाखाना | पोखरा | चेतना प्रकाशन सहकारी संस्था लि. |
| ८. | २०५२ | आचार्य प्रिन्टिङ प्रेस | पोखरा - १२ | प्रो. राजेन्द्र प्र. आचार्य |
| ९. | २०५३ | पोखरा अफसेट प्रेस | पृथ्वीचोक | प्रो. महेन्द्र वजिमय |
| १०. | २०५५ | किशोर अफसेट प्रेस | पोखरा - ९, | प्रो. सीता भण्डारी |
| ११. | २०५५ | बाँस्तोला प्रिन्टिङ प्रेस | लेखनाथ - ७ | प्रो. डिल्लीराम बाँस्तोला |
| १२. | २०५५ | शिवशङ्कर अफसेट प्रेस | पोखरा -९ पृथ्वीचोक | प्रो. आशिक बजिमय |
| १३. | २०५६ | अनन्त अफसेट प्रेस | पोखरा - ३ | प्रो. अम्बिका प्रधानाङ्ग |
| १४. | २०५६ | न्यू रोयल अफसेट प्रेस | पोखरा - ७ | प्रो. राजु वैद्य |
| १५. | २०५६ | न्यू सृजना छापाखाना | पोखरा - ८ | प्रो. सुवासचन्द्र सिग्देल |
| १६. | २०५६ | क्वालिटी अफसेट प्रेस | पोखरा - ७ | प्रो. निरञ्जन कार्की |
| १७. | २०५८ | जनकल्याण अफसेट प्रेस | पोखरा -८ | प्रो. नवराज सुवेदी |
| १८. | २०५८ | रोजी प्रिन्टिङ प्रेस | पोखरा -९ नयाँबजार | प्रो. कुल ब. खत्री |
| १९. | २०५९ | हिमालय अफसेट प्रेस | पोखरा -९ | प्रो. यशोदा माकाजु |
| २०. | २०५९ | युनाइटेड अफसेट प्रेस | पोखरा -७ | प्रो. उमानाथ बराल |
| २१. | २०५९ | गोर्खाली अफसेट प्रेस | पोखरा -८ | प्रो. जीवन गोर्खाली |
| २२. | २०५९ | गह्रौँ कालिका अफसेट प्रेस | पोखरा - ७ | प्रो. भीमलाल अर्याल |
| २३. | २०६० | नवीन अफसेट प्रेस | पोखरा -९ | प्रो. राजबहादुर थापा र विष्णुकुमार थापा |
| २४. | २०६० | भावना अफसेट प्रेस | पोखरा -४ | प्रो. भक्त बहादुर रोक्का |
| २५. | २०६० | सञ्चार दर्पण अफसेट प्रेस | पोखरा -१७ छोरेपाटन | प्रो. छविलाल पहारी |
| २६. | २०६१ | ताल नगरी विकास अफसेट प्रेस | लेखनाथ -७ | प्रो. मेघराज आचार्य |
| २७. | २०६१ | सुवाणी अफसेट प्रेस | पोखरा - २ | प्रो. जयप्रकाश प्रधानाङ्ग |
| २८. | २०६१ | पशुपति प्रिन्टिङ हाउस | पोखरा -८ | प्रो. रामनाथ भण्डारी |
| २९. | २०६१ | सिद्धार्थ प्रिन्टर्स | पोखरा - १३ | |
| ३०. | २०६२ | रोजिना अफसेट | महेन्द्रपुल - ९ | |
| ३१. | २०६२ | पश्चिमाञ्चल अफसेट प्रेस | | गैह्र सरकारी संस्था महासङ्घ नेपाल पश्चिमाञ्चल क्षेत्रीय समिति पोखरा |
| ३२. | २०६२ | न्यू राष्ट्रियता छापाखाना | पोखरा - २ | प्रो. विश्वम्भर विजुक्षे |

स्रोतः जिल्ला प्रशासन कार्यालय (कास्की)।

प्रकाशकको नाममा यहाँ एउटा प्रकाशक छ– कोसेली प्रकाशन। त्यसले आफ्नो प्रकाशनको मुद्रण पोखरामा त के काठमाडौँमा पनि गर्दैन, ऊ पुग्छ दिल्लीमा। यन्त्र उपकरणको क्षमताको अधिकतम उपयोग गर्न सके फाइदा हुने हो।

चौबीसै घण्टा चलाउन सकिने जडित यन्त्र उपकरण मुश्किलले दिनमा ३/४ घण्टा चल्दछन् भने फाइदा कसरी कहाँबाट हुने ? कसैले बैंकको कर्जा लिएर लगानी गरेको छ भने उसले निर्धारित भाकामा कर्जा कसरी तिर्न सक्तछ ? उसले या त घरखेत गरेर कर्जा भुक्तान गर्नु पऱ्यो या लिलामीमा चढ्नु पऱ्यो । घाँटी छिन्ने प्रतिस्पर्धा छ, क्षमताको न्यूनतम उपयोग हुन्छ भने, त्यसको परिणाम माथि भनिए जस्तै हो ।

नेपालमा खुला बजार अर्थप्रणालीलाई कार्टेलिङले कतै निष्प्रभ नपारेको क्षेत्र कुनै छ भने त्यो हो छापाखाना । पुराना स्थापित छापाखानाको साखले ग्राहकलाई तानिरहेको देखिन्छ । उनीहरूसँग ग्राहक पटयाउने शैली पनि विकास भएको छ । उनीहरूले आफ्ना पुराना यन्त्र उपकरणलाई ग्राहकको हुने रोजाइअनुरूप अद्यतनीकरण गरेका छन् । नयाँसँग न त्यो साख छ, न शैली न त बजारलाई प्रभाव पार्ने नयाँ सोच र चिन्तनको क्रियान्वयनको क्षमता । उत्पादित वस्तु प्याक गर्ने कागज, प्लाष्टिक आदिका खोल छाप्ने ग्राफिक छापाकल, त्यस्तै कार्टुन (माल सामान प्याक गर्ने दरो कागजका बाकस) मा लेबल छाप्ने छापाकल जस्ता छापाखाना पोखरा औद्योगिक क्षेत्रका कन्फेक्सनरी उद्योग र गोशली उद्योग समूहले राखेका छन् । उनीहरूले आफ्ना उद्योगहरूलाई चाहिने खोल, पाउच र कार्टुन लेबल मात्र छाप्दैनन्, अपितु त्यस्ता खोलहरू अरूका पनि छाप्दछन् । त्यस्तै छापाखानालाई अर्कै कुनै मुख्य उद्यमको सहयोगी साधनको रूपमा बनाए लगानी सार्थक हुन्थ्यो, र लाभप्रद पनि हुन्थ्यो । ग्राहकको काम आउला र छापाखाना चलाउँला भनेर बस्ने हो भने अफसेट चलाएर फाइदा देखिँदैन, कुटिखेलो मात्र हो, त्यसमा खाँचो पनि हुँदैन, फाँचो पनि हुँदैन । मानिस उन्नति चाहन्छ यथास्थिति होइन । छापाकलको क्षमताको अधिकतम उपयोग गर्ने उद्देश्यले आफै काम सिर्जना गर्ने, त्यसको बजार सिर्जना गर्ने गऱ्यो भने लगानीको प्रतिफल प्राप्त गर्न सकिन्छ । तर यो दिशामा यहाँका छापाखाना देखिँदैनन् । फूलबारी छापाखानाले पत्रिका प्रकाशनलाई मुख्य काम बनाएको र छापाखानालाई त्यसको सहयोगी बनाएको छ । आदर्श समाज प्रकाशनले फूलबारी छापाखानाको क्षमताको पूरा उपयोग गर्न अरू सहयोगी प्रकाशन चलाउने सोच बनाउनु जरूरी छ । खेत छ भन्दैमा बीउ नरोपी फल फल्दैन । सोच, चिन्तन र व्यवस्थापनको कला चाहिन्छ । बजार पनि आफैले बनाउने कुरा हो । आँट र साहस हुनु पऱ्यो, उपाय जुर्दछ । यसरी नसोच्ने, काम नगर्ने हो भने अहिले पोखरामा जति छापाखाना छन्, ती आवश्यकताभन्दा धेरै बढी छन् ।